# कोरस पुस्तिका

## कर्डहरु सहित

नेपाली इसाई मण्डली

(ज्ञानेश्वर चर्च)

www.nim.org.np | www.nimnepal.tv
Email: info@nim.org.np

# कोरस सूची


| | |
|---|---|
| अनन्तकाल सम्मै | १५८ |
| अनुग्रह छ सब | १२९ |
| अब जागृति आएको छ | ९३ |
| अभिषेक गर्नुहोस् | १०९ |
| आउ चुनिएको जाति | १६२ |
| आज रातभरि स्वर्गदूत आऊन | ५४ |
| आजको दिन, आजको दिन | २७ |
| आओ परमप्रभुको निम्ति हामी | ४३ |
| आओ पुजौं राजपूजारी | १५ |
| आऔं हामी आराधना | ८५ |
| आकाशभन्दा उच्च | ११२ |
| आराधना गर्न हामी सबै भेलन | ६९ |
| आराधना गरौं उनलाई दण्डवत् | ७० |
| आराधना गर्छु महान प्रभु | ७२ |
| आदर र महिमा | ११४ |
| ईश्वर थुमा | १०५ |
| ईश्वरले संसारलाई यस्तो प्रेम | ७ |
| ईश्वरको राज पहिले | २८ |
| उनको झण्डा मेरो लागि प्रेम | १३ |
| उनी नै हुन प्रभु मृत्युबाट बौरने | ३७ |
| उनी हुन्छन् सदा | १०४ |
| उहाँलाई महिमा मण्डलीमा अहिले | ३२ |
| उहाँले मलाई सत्यनाशको खाडल | ४२ |
| उचालिनुहोस् मेरो जीवनमा | १७८ |
| उत्सव मनाऔं | ९१ |
| उत्सव मनाउँछु | ११७ |
| एउटै बनाउनुहोस | १५९ |
| कस्तो बदलाउ ममा | १७१ |
| केही कुरामा चिन्तित नहोओ | ५२ |
| क्रूसको छेउमा | ९२ |
| क्रूसैमा क्रूसैमा मलाई | १९ |
| खुशी खुशी मनाऔं | २९ |
| गाउँ हल्लेलूयाह | ९० |
| चाँडै धेरै चाँडै | १५२ |
| चुप लाग जान | १६० |
| जब प्रभुको आत्मा मेरो हृदयमा छ | ७६ |
| जब म देख्छु | १८२ |
| जसै तपाईको शक्तिको | १९५ |
| जसै तिम्रो आराधना गर्छु | १९१ |
| जहाँ नदि बग्छ | १२७ |
| जागौं शक्तिशाली जाति | ९७ |
| जागृति पठाउनुहोस् | १७७ |
| जिउँदो जिउँदो छन् | १७ |
| जिउँदो छन् येशू जिउँदो छन् | २ |
| जीवनको नदि | १६८ |
| जीवनको रोटी खादैछु | ८ |
| झरिको प्रभु | १८७ |
| डाडाँ, पाखा | १७५ |
| तपाई प्रभु सब | ६५ |
| तपाई मात्र हाम्रो | १६७ |
| तपाई मेरो परमेश्वर, | १६५ |
| तपाई मेरो परमेश्वर, सधै | १६४ |
| तपाई मेरो प्रभु | १७० |
| तपाई मेरो बल, मेरो | १२२ |
| तपाई मेरो बल प्रभु | १०१ |
| तपाईंको आदर | १८९ |
| तपाईको दया जीवन | ३० |
| तपाईको नदी छेऊ | १२८ |
| तपाईको मुहार | १४८ |
| तपाईको रगतले | ८६ |
| तपाईको स्तुति गर्न | १४२ |
| ताली बजाउदै गाऔं हल्लेलूयाह | ३९ |
| तिम्रो इच्छा पुरा | ८८ |
| तिम्रो परमेश्वरले | ३५ |
| धन्य जो | १७२ |
| धन्य होस् प्रभु येशूको | ६३ |
| धन्यहोस् तपाईको नाउ | १७६ |
| धन्यवाद चढाऔं हृदयदेखि | ७९ |

धन्यवाद, येशू १३३
धन्यवाद येशू मेरो मनदेखि २४
धन्यवाद चढाउछु प्रभु १४१
धन्यवादसाथ उहाको ४५
धन्यावदी भई ४१
धेरै प्रेम, धेरै शक्ति १८०
नडराऊ, म तिमीसंगछु ९८
न ता बलले १२६
नजीक, नजीक १६६
नाउ उनको उच्च छ ६
नाउ उनको उदेकको ३८
पर्वतहरुतिर म ४६
परमप्रभु अधि १४३
परमेश्वरको चोखो १७४
परमेश्वरको राज १८१
पवित्र आत्मा आउनुहोस १७३
पवित्र आत्मा हामी १०७
पवित्र पवित्र प्रभु १२४
पिता आराधना गर्छु ११५
पिता पुत्र र आत्माको जगत ५५
प्रेम गरी आए १६
प्रेम गर्छु प्रभु ७५
प्रभु आत्मा खन्याउनोस १५५
प्रुभ उचाल्छु तपाईको १४०
प्रभु म आउछु ९५
प्रभु तपाईको १४४
प्रभु येशू खीष्टको ५६
प्रभुको आनन्द मेरो १३२
प्रभुको उपस्थितिमा ५९
प्रभुमा सधै आनन्द २३
प्रभुद्धारा बहादुरी ८६
बगाउनुहोस १८५
बदली गर्नोस मेरो ११६
बतास चलिरहेछ ९६
बिजयता छ मेरो १४९
भन जय जय १८
भन भन सबैले १७९
म ठूलो सभामा १९२
म उच्च पार्नेछु ६८
म तपाईंलाई ११९
म मेरै होइन १४७
म परमेश्वरमा पुकार्छु ६२
म बनाउदैछु १०६
माथि शिर उठाऊ १३९
ममा शुद्ध हृदय ८७
मलाई तपाईको १५६
महान प्रभुलाई १५७
महिमा गरौं आराधना ७१
महिमा महिमा महिमा होस् ३३
महिमा राजाहरुका १२१
महिमा मारिएको ८४
मुकुट पहिऱ्याउछौं १८६
मुक्ति छ, हाम्रो ८९
मुक्तिलाई मुक्तिलाई ९
मेरा ओठले १९३
मेरो जीवन १००
मेरो मन धन्य १२५
मेरो येशू मुक्तिदाता १८३
मेरो बत्तिमा तेल १२
मैले निश्चय गरेको छु १३५
यस रात रक्षा गर्नोस ५३
यरुशलेमलाई पहाडहरु ११०
यी ओठले सदा १५३
यी दिन हुन १५१
येशु खीष्ट नै प्रभुहुन ६०
येशू जस्तै येशू जस्तै १३०
येशू जिउदो छन ७३
येशू पार्दछने पुरै स्वतन्त्र १०
येशू माथि उचालिएको ९४
येशू सर्वोत्तम नाउँ छ ३
येशू नाउँको जय होस ५
येशू हामी उचाल्छौं ७७

| | |
|---|---|
| येशू ४ पवित्र | १०२ |
| येशू येशू प्रेम गर्दछु | १३८ |
| येशू येशू मेरो जीवनको | १३४ |
| येशूको नाउँमा | ११८ |
| येशूलाई उचालौं | १४६ |
| येशूले मलाई जीवन | १९४ |
| येशूले लिन्छन् | ७४ |
| योग्य अति योग्य | ६६ |
| योग्य तपाई योग्य | ६४ |
| योग्य योग्य योग्इ छन् | १२३ |
| राजाहरुका राजा प्रभुहरुका | ८२ |
| राजाहरुका राजा स्तुति | ४९ |
| राजयकिय पोशाक ल्याई | ७८ |
| ल जाउ है सियोनसम्म | ३१ |
| लिनोस् तन | २० |
| विश्वासले प्रतिज्ञा | ८० |
| विश्वास गर | १२० |
| शिखरहरु हिउँले | १३६ |
| सधै आनन्द गर | १६१ |
| सबै जातिका परमेश्वर | १५४ |
| समयमा उनको | ३६ |
| सनातनका प्रभु | ५० |
| सन्तान हौं | ५१ |
| सारा आदर, | १०३ |
| साहसी हौ | ९९ |
| सिहासनमा विराजमान | १४५ |
| सुख्खा भयो | १०८ |
| सुन चादि मसित | १४ |
| सूर्योदयदेखि | १३१ |
| सेवा गर्छौं महान | ८१ |
| संकष्टमा अति | ४८ |
| स्वर्गीय पिता हामी | ६७ |
| स्तुतिपूर्ण ओठले | २२ |
| स्वर्गमा पृथ्वीमाथि | ४४ |
| स्वतन्त्र गराउनुहोस् | १६९ |
| हर बखत म | ४७ |
| हल्लेलू, हल्लेलू | २६ |
| हल्लेलुयाह सर्वशक्तिमान | ५७ |
| हल्लेलुयाह स्तुत्ति महिमा | १ |
| हात फैलाई | १३७ |
| हामी तपाईंको | १८४ |
| हामी सबै मिली | ४ |
| हामी भेडालाई | ४० |
| हामी प्रशंसाको बली | ५८ |
| हाम्रो एउटै चाहना | १९० |
| हिजो आज सधैंभरि | २५ |
| हे सबै जातिका मानिस हो | ३४ |
| हे परमेश्वर आफ्नो शक्ति | १८८ |
| हे मेरो मन धन्य | १६३ |
| हे राजा येशू | २१ |
| हेरन हेर | १११ |
| हो जय जयकार | ११३ |
| हो हो हो प्रभु कति | ११ |
| होसन्ना x ३ महिमा | १५० |
| होसन्ना x ३ येशू राजालाई | ६१ |

Gm F Gm
१. हल्लेलूयाह स्तुति महिमा सर्वदा
F Gm
येशू प्रभुलाई दिन्छौं x२
Gm F D# Gm
हा..... हल्लेलूयाह हल्लेलूयाह हल्लेलूयाह
Gm F Gm
क्रूसको बलिदानमा रगत बहाउनुभयो (२)
F
पापलाई हटाई शुद्ध गराई
D# Gm
हामीलाई बचाउनुभयो (२)
उहाँको पुनरुत्थानमा आनन्द
बिजय लिई आउनुभो (२)
आज तिमी हामीलाई यही बिजय दिनलाई
येशूजी आउनुभयो (२)

G C G D
२. जिउँदो छन् येशू जिउँदो छन्
G C G D
मेरो मनमा येशू जिउँदो छन्
G C
संकटमा मेरो सहारा हुन्
D G
येशू सधैं जिउँदो छन् ।

D A7 DGDA
३. येशू सर्वोत्तम नाउँ छ, शान्तिदाता प्रतापि प्रभु
D
इम्मानुएल ईश्वर हामीसँग
A7 D
धन्य उद्धारक जीउँदो वचन

G
४. हामी सबै मिली x२
C D G
गाऔं भजौं पुजौं ख्रीष्ट येशूलाई x२
G C D
हामी सबै जना मिली गाऔं.... x२
G C
गाऔं भजौं पुजौं ख्रीष्ट येशूलाई
Am G
गाऔं भजौं पुजौं ख्रीष्ट येशूलाई
Em Am
गाऔं भजौं पुजौं ख्रीष्ट येशूलाई
D G
गाऔं भजौं पुजौं ख्रीष्ट येशूलाई

E A E
५. येशू नाउँको जय होस् x२
A E A E
मेरो चट्टान मेरो किल्ला
A E B7
मलाई छुडाउने मेरो भरोसा
E A B7 E
येशू नाउँको जय जयकार होस्

D G D
६. नाउँ उनको उच्च छ अरु नाउँभन्दा
A7 D
नाउँ उनको येशू, येशू प्रभु
G D
नाउँ उनको उदेकको, नाउँ उनको सल्लाकार
A7 D
शान्तिको राजकुमार महान् ईश्वर

D A D A7
७. ईश्वरले संसारलाई यस्तो प्रेम गरे x२
D G D A7 D
उनले आफ्नो एकमात्र पुत्रलाई दिए x२
A D A7 D
ज-जसको उनमाथि विश्वास गर्छन् x२
G D A7 D
नाश हुँदैनन् तर अनन्त जीवन पाउँछन् x२

C F G7 G
८. जीवनको रोटी खाँदैछु र मूलको पानी पिउँदैछु
C F G
र येशू भन्छन् जसले पिउँछ
C G7 C
उसलाई कहिल्यै तिर्खा लाग्दैन ।
C F
क्या रे तिर्खा लाग्दैन ? कहिल्यै तिर्खा लाग्दैन
Dm G
क्या रे तिर्खा लाग्दैन ? कहिल्यै तिर्खा लाग्दैन
र येशू भन्छन्....

D A7
९. मुक्तिलाई मुक्तिलाई ग्रहण गर अहिल्यै
G D
जो छ येशूको अमोल रक्तमा
G D
येशूदेखि यो दान छ तिम्रो लागि नै
A7 D
ग्रहण गर मुक्ति बिना डर

G D
१०. येशू पार्दछन् पूरो स्वतन्त्र
G
कलवरीमा मरे दिन छुट्कारा
G D G
येशू पार्दछन् पूरै स्वतन्त्र उनको नाउँको जय
G D G
यसैकारण म गाउँछु, यसैकारण म गाउँछु
C
मेरो पाप क्षमा भयो,
G Em G D G
स्वर्ग मेरो घर भयो यसैकारण म (३) गाउँछु
म खुशी छु...., म नाच्छु....

C F
११. हो x३ प्रभु कति प्रेमी छन्,
G F C
हो x३ प्रभु कति प्रेमी छन्
C F
हो x३ प्रभु कति प्रेमी छन्
C G C
म कहिल्यै उनको प्रेमलाई भुल्न सक्तिनँ
ईश्वरले संसारलाई प्रेम गर्नुभो x३
तुच्छ म पापीलाई प्रेम गर्नुभो x३
पवित्र आत्माले भरिदिनुभो । x३

D G
१२. मेरो बत्तीमा तेल दिनुहोस् प्रभु
D A7
मेरो बत्तीमा तेल अहिले
D G
मेरो बत्तीमा तेल दिनुहोस् प्रभु
D A7 D
तपाई आउन्जेलसम्म दिउन् ज्योति
D G
गाऔं होसन्ना, गाऔं होसन्ना,
A7 D G D
गाऔं होसन्ना, राजा येशूको
D G
गाऔं होसन्ना, गाऔं होसन्ना,
A7 D
गाऔं होसन्ना, येशूको

D
१३. उनको झण्डा मेरो लागि प्रेम
G D
उनको झण्डा मेरो लागि प्रेम
D
उनले मलाई भोजको घरमा लिई आए
A7 D A7
उनको झण्डा मेरो लागि प्रेम । उनको प्रेम,
D G D
उनको प्रेम, उनको झण्डा मेरो लागि प्रेम

G C D G
१४. सुन, चाँदी मसित छैन तर जे छ म तँलाई दिन्छु
C D G
नासरतको येशू ख्रीष्टको नाउँमा हिंड्डुल गर्
D C G
हिंड्दै, उफ्रदै, स्तुति गर्दै, हिंड्दै उफ्रदै, स्तुति गर्दै

E A F#m E
१५. आऊ पुजौं राजपुजारी आऊ भज पवित्र जाति
C#m F#m B7 E
भज येशू मुक्तिदाता उनी प्रिय महिमाका राजा
E A F#m E
हल्लेलूयाह, हल्लेलूयाह, हल्लेलूयाह, हल्लेलूयाह
C#m F#m B7 E
हल्लेलूयाह, हल्लेलूयाह, हल्लेलूयाह, हल्लेलूयाह

G D G
१६. प्रेम गरी आए, मरी बचाए,
C E7 A7 D7
गाडिंदा पाप मेरो हटाई दिए
G D G
ब्यूँती उनले मलाई निर्दोष ठहराए ।
C A7 D G
आउँनेछन् येशू यो खुशीको दिन ।

G Em C G
१७. जीउँदो, जीउँदो छन् येशू ख्रीष्ट जीउँदो
G C G D
होस् अगुवाई दिन्छन् मलाई र संगति मीठो
G Em C D E7 F
जीउँदो, जीउँदो उतार्न पापदेखि । म कसरी
D7 G D G
निश्चय जान्दछु ? मनमै जीउँछन् उनी ।

G Em C G D G
१८. भन जय जय उदेकको शक्ति छ, रगतमा रगतमा
G Em C G
भन जय जय उदेकको शक्ति छ
D G
येशूको अमोल रगतमा

D A7
१९. क्रूसैमा क्रूसैमा मलाई परेथ्यो ज्योति
D
मेरो पापको भारी हटिगो
G D
त्यहाँ विश्वास गरी मैले पाएँ दृष्टि
A7 D
र अहिलेको जीवन खुशी भो ।

D G
२०. लिनोस् तन अर्पणछौं लिनोस् मन
Em D
चढाउँछौं लिनोस् धन
A7 D
पिता तपाईंकै हौं, तपाईंकै हौं
D A7 D
तपाईंकै शुरुदेखि छानेका,
D A7
तपाईंकै ख्रीष्टको रगतले किनेका
D A7 D
तपाईंकै आत्माका छाप लागेका
A7
तपाईंकै हौं, तपाईंकै हौं

D A7 D A
२१. हे राजा येशू तिमीले हाम्रो आत्मालाई जिलायौं
D A7 D
पापको जरो संसारको बन्धन निष्फल तुल्यायौं

E B7
२२. स्तुतिपूर्ण ओंठले हात उचाली भन्दछु
A F#m B7 E
प्रभु म तपाईंलाई धन्यको भन्दछु
E B7
धन्यको भन्दछु, धन्यको भन्दछु
A F#m B7 E
प्रभु म तपाईंलाई धन्यको भन्दछु

G D G
२३. प्रभुमा सधैं आनन्द गर फेरि पनि भन्दछु (२)
C G
आनन्द आनन्द फेरि पनि भन्दछु (२)
G D G
प्रभुमा सधैं आनन्द गर फेरि पनि भन्दछु

G C G Em G
२४. धन्यवाद येशू, धन्यवाद येशू, धन्यवाद येशू
D D G C G 2nd time
मेरो मनदेखि (मेरो मनदेखि)
स्तुति होस् प्रभु x३, हल्लेलूयाह येशू x३,
प्रंशसा होस् प्रभु x३, जयजयकार होस् प्रभु x३

G C G D7
२५. हिजो आज सधैं भरि येशू समान छन्
G C G D7 G
हामी फेर्छौं उनी मात्र कहिल्यै फेर्दैनन्
C G D7
उनको नामको जय, उनको नामको जय
G C G D7 G
हामी फेर्छौं उनी मात्र कहिल्यै फेर्दैनन्

G C G D G
२६. हाल्लेलू हाल्लेलू हाल्लेलू हाल्लेलूयाह येशूको जय
G D G
येशूको जय हाल्लेलूयाह, येशूको जय हाल्लेलूयाह
D G
येशूको जय, हाल्लेलूयाह, येशूको जय

E B7
२७. आजको दिन (२) उनले सृजेका (२)
E
रमाउँदै जाऔं खुशी मनाऔं र आनन्द गरौं (२)
A E C#m A
आजको दिन उनले सृजेका रमाँउदै जाऔं र
E C#m E B7 E
खुशी मनाऔं (आजको दिन x२) उनले सृजेका

D A7 G D G D A7
२८. ईश्वरको राज पहिले खोजी गर उहाँको धार्मिकता
D A7 G D G D A7 D
सबैथोक तिमीलाई थपिनेछन् हल्लेलू हल्लेलूयाह
D A7 G D G D A7 D A7 G D
को: हल्लेलूयाह हल्लेलूयाह हल्लेलूयाह
G D A7 D
हल्लेलू हल्लेलूयाह

रोटीले मात्र मानिस बाँच्दैन तर हरेक वचनले
जो परमेश्वरको मुखबाट निस्कन्छ हल्लेलू हल्लेलूयाह
माग त तिमीलाई दिइनेछ खोज त भेट्टाउनेछौ
घचघचाऊ ढोका उघारिनेछ हल्लेलू हल्लेलूयाह

G D
२९. खुशी खुशी मनाऔं, खुशी खुशी मनाऔं (२)
G C D G
भन, भन प्रभु येशू ख्रीष्टको जय (२)
G D
मेरो लागि आए, मेरो लागि जिए (२)
G
मेरो लागि येशूले दु:ख उठाए (२)
C Am G Em
मेरो लागि मारिएथे, मेरो लागि गाडिएथे (२)
G
मेरो लागि बौरी उठे, मेरो हुन् येशू (२)
म येशूको हुँ, हामी येशूका हौ खुशी खुशी...

E A
३०. तपाईंको दया जीवनभन्दा श्रेष्ठ,
$B^7$ E
तपाईंको दया जीवनभन्दा श्रेष्ठ
E A
धन्यको भन्छु स्तुति म गर्छु
E $B^7$ E
तपाईंको दया जीवनभन्दा श्रेष्ठ
हात उचाल्दछु तपाईंको नाउँमा x२, धन्यको...
सेवा गर्छु प्रभु सारा हृदयले x२, धन्यको...

G C G D
३१. ल जाऔं है सियोनसम्म, ल जाऔं है सियोनसम्म
G C G D G
ल जाऔं है सियोनसम्म येशूको नगरमा
जय हल्लेलूयाह (३) आनन्द मनाऔं
सियोनको राजा येशू (३) राज गर्दछन्
प्रेमी छन् सियोनमा (३) प्रेम गर्दछन्
नाँच्दै जाऔं सियोनमा (३) प्रेमी येशूकहाँ

A D A E A
३२. उहाँलाई महिमा मण्डलीमा अहिले र सधैं (२)
A E A E A
उहाँलाई उहाँलाई उहाँलाई उहाँलाई
A D A E A
उहाँलाई महिमा मण्डलीमा अहिले र सधैं

G $E^m$ $A^m$ D
३३. महिमा महिमा महिमा होस्
G D C G D G
ईश्वरलाई महिमा होस् महिमा होस्
प्रशंसा x३ होस्...
धन्यवाद x३ होस्...

D
३४. हे सबै जातिका मानिस हो,
G $A^7$ G D $A^7$ D
हल्लेलूयाह हे सबै जन हो, उहाँको तारीफ गर
D G $E^m$ $A^7$ G D
किनभने हामीप्रति उहाँको करुणा अपार छ
G $E^m$ $A^7$ D $A^7$ D
र यहवेको सत्यता सधैंको निम्ति रहन्छ
D G $A^7$ G $A^7$ D
हल्लेलूयाह, हल्लेलूयाह, हल्लेलूयाह, हल्लेलूयाह

E $B^7$ E A $B^7$
३५. तिम्रो परमेश्वरले बिर्सेको छैन तिम्रो कुरा
E
भुलेको छैन तिमीलाई x२ माग फेरि माग
A $B^7$ E A E $B^7$ E
खोज अझैं खोज । घरी घरी घचघचाऊ

D $A^7$ D G
३६. समयमा उनको समयमा, सबथोक सुन्दर बन्छन्
$A^7$ D G $A^7$
उनको समयमा मार्ग मलाई देखाउनुहोस्
D $B^m$
दिनवदिन सिकाउनुहोस्
G $A^7$ D
सदा हिंड्नलाई तपाईंको समयमा ।
समयमा तपाईंको समयमा, सब थोक सुन्दर छन्
तपाईंको समयमा । जीवन मेरो सुम्पन्छु, स्तुति
सदा गाउनेछु, ग्रहणयोग्यहोस् तपाईंको समयमा ।

E $B^7$ E $B^7$
३७. उनी नै हुन प्रभु मृत्युबाट बौरने उनी प्रभु
E A
हरेक घुँडा टेक्नेछ हर जिब्रोले भन्नेछ
E $B^7$ E
येशू ख्रीष्ट नै हुन् प्रभु
$B^7$ E $B^7$
तिमी नै हौ प्रभु मृत्युबाट बौरने तिमी प्रभु
E A
मेरो घुँडा टेक्नेछ र जिब्रोले भन्नेछ
E $B^7$ E
येशू ख्रीष्ट नै हुन् प्रभु

E $B^7$ E A $F\#^m$
३८. नाउँ उनको उदेकको, नाउँ उनको उदेकको,
$B^7$ E $B^7$
नाउँ उनको उदेकको प्रभु येशू ।
E A $F\#^m$
प्रबल राजा उनी, सबै थोकका धनी,
$B^7$ E AE $B^7$E
नाउँ उनको उदेकको, प्रभु येशू ।
$B^7$ E
असल गोठालो, सनातनको चट्टान,
F# $B^7$ A E
शक्तिमान् ईश्वर उनी । दण्डवत्
A $B^7$
गरौं उनलाई, आदर भक्ति चढाई,
E AE $B^7$ E
नाउँ उनको उदेकको, प्रभु येशू ।

E A E
३९. ताली बजाउँदै, (गाऔं हल्लेलूयाह) x२
$B^7$ E A E
ताली बजाऔं x२ हल्लेलूयाह, हल्लेलूयाह,
$B^7$ E
हल्लेलूयाह ताली बजाऔं

हात उचाल्दै, हामी गाऔं हल्लेलूयाह x२
हात उचाल्दै...

F C $A^\#$
४०. हामी भेडालाई चराउँछन् खर्कमा र जम्मा
C F $A^\#$
गर्छन् उनको अङ्गालोमा बोक्छन् उनले
F $D^m$ C F
आफ्नो काँधमा र हामीलाई अगुवाई गर्दछन् ।

E A E $C\#^m$
४१. धन्यवादी भई उँहाको ढोकाभित्र पस्नेछु
E A $B^7$ E A
आँगनभित्र प्रशंसासाथ, भन्नेछु यो त्यही दिन
E $C\#^m F\#^m$
जो प्रभुले बनाउनुभो खुशी छु
$B^7$ E A E $C\#^m$
उहाँले खुशी पार्नुभो, खुशी पार्नुभो खुशी पार्नुभो
$F\#^m$ $B^7$ E
खुशी छु उहाँले खुशी पार्नुभो

G D
४२. उहाँले मलाई सत्यनाशको खाडल र
G D
दलदले हिलोबाट तानेर निकाल्नुभयो ।
G C D
उहाँले मेरा खुट्टाहरुलाई चट्टानमाथि बसाल्नुभयो
G D G
उहाँले एउटा नयाँ गीत मेरो मुखमा हालिदिनुभो
G D G C D G
हाम्रो परमेश्वरको स्तुति (४)

G C G C D G
४३. आओ आओ परमप्रभुको निम्ति हामी गाऔं
G C D G
हाम्रो उद्धारको चट्टानको निम्ति जयजयकार
D
जयजयकार जयजयकार गरौं

आओ x२ धन्यवाद गर्दै उहाँको सामने आओ
भजन गाउँदै (उँहाको-२) जयजयकार (३) गरौं

G D G
४४. स्वर्गमा पृथ्वीमाथि पृथ्वीमुनि भएका हरेक
C G D G
प्राणीले, येशूको नाउँमा घुँडा टेक्नुपर्छ,
G D
परमेश्वर पिताको महिमाको निम्ति
G C G D G
हरेक जिब्रोले येशूलाई नै प्रभु हो भन्नुपर्नेछ

C F C F C
४५. धन्यवादसाथ उँहाको मूल ढोकाभित्र
$A^m$ F $G^7$ C F C
र प्रशंसा गर्दै उहाँको चोकभित्र पस
$G^7$ F
उहाँलाई धन्यवाद चढाओ x२
$G^7$ C $G^7$ C
उहाँको नाउँलाई धन्यको भन ।

$G^m$ $D^m$ $G^m$
४६. पर्वतहरुतिर म आफ्नो आँखा उठाउँछु
$D^\#$ F
मलाई गोहार कहाँबाट आउँछ ?
$G^m$ F $G^m$
मलाई गोहार परमप्रभुबाट नै आउँछ
F $D^m$ $G^m$
जसले स्वर्ग र पृथ्वी सृजनुभो

D G D $A^7$
४७. हर बखत म परमप्रभुलाई धन्यको भन्नेछु
D G E A
उहाँको प्रशंसा निरन्तर मेरो मुखमा
G D
हुनेछ हुनेछ हुनेछ

CF C G C
४८. संकष्टमा अति सजिलै पाइने सहायक ।
F GF C F G
परमेश्वर, हाम्रो शरणस्थान र बल हुनुहुन्छ x२
F G C G
हे देशका सबै मानिस हो ताली बजाओ ।
G C G F C
उच्च सोरले परमेश्वरको जयजयकार गर x२
C F $D^7$ G
सेनाहरुका परमप्रभु हाम्रो साथमा हुनुहन्छ
CF $D^7$ G
याकूबका परमेश्वर हाम्रै शरणस्थान हुनुहुन्छ

Em B7 Em
४९. राजाहरुका राजा स्तुति, हल्लेलूयाह
Em B7 Em
प्रभुहरुका प्रभु स्तुति, हल्लेलूयाह
Em B7 Em
येशू शान्तिको कुमार हल्लेलूयाह x२

C F C G7 C
५०. सनातनको प्रभु येशू सियोनमा हुन् विराजमान
G7 F G7 C
उद्धारको ज्योति जो हुन् स्तुतिको योग्य जो छन्

G C
५१. सन्तान हौ हामी ख्रीष्टको गर्छौं प्रशंसा उनको
G D7 G
जसले गरे हाम्रो उद्धार हटाई पापको भार
G C G D7
यो संसार बिलाई जानेछ सृष्टि हुनेछ नयाँ संसार २
D7
ख्रीष्ट यहाँ गर्नेछन् राज अनन्त
G
विश्वासी जनसाथ x२

E A B7
५२. केही कुरामा चिन्तित नहोओ
A B7
सबै कुरामा धन्यवादसाथ प्रार्थना गर
E A B7
परमेश्वरको शान्तिले तिम्रो हृदय र
A B7 E
तिम्रो बिचारलाई येशूमा रक्षा गर्नेछ

G C G D7
५३. यस रात रक्षा गर्नोस् प्रभु सब डर मेटाई
G D G C D7 G
हामीलाई रुङ्नू दूत सबले घाम नहुञ्जेल भुल्काई

D A7 D
५४. आज रातभरी स्वर्गदूत आऊन्
G Em A7 D
पखेटा फैलाई रक्षक भईरहून्

G D7 G
५५. पिता पुत्र र आत्माको जगत
C D
र स्वर्गमा धन्य होस्
C G
दूतगण र मान्छे सबै भई
D7 G
उनैको स्तति होस् सधैं

C G7 F G7
५६. प्रभु येशू ख्रीष्टको अनुग्रह
C
परमेश्वर पिताको प्रेम x२
G7 F G7 C
पवित्र आत्माको संगति हामीसँग सधैं भइरहोस्

E A
५७. हल्लेलूयाह सर्वशक्तिमान
E C#m E B7 E
परमेश्वर राज गर्दछन् x२
E A E
आनन्दित होऔं, खुशी होऔं
F# B A E
अनि महिमा उनैलाई चढाऔं ।
E A
हल्लेलूयाह सर्वशक्तिमान्
E C#m E B 7 E
परमेश्वर राज गर्दछन् ।

E A E
५८. हामी प्रशंसाको वलि ल्याउँछौं परमेश्वरको घरमा
E A B7 E
हामी प्रशंसाको वलि ल्याउँछौं परमेश्वरको घरमा
E A E B7 E A E
हामी चढाउँछौं तपाईंलाई बलिदानहरु धन्यवादको
A E B7 E
हामी चढाउँछौं तपाईंलाई बलिहरु आनन्दको

E B7
५९. प्रभुको उपस्थितिमा आनन्द छ
E
गाऔं हल्लेलूयाह, आमेन x२
A E
नाचौं, खुशी मनाऔं
B7 E A E
आनन्दसाथ प्रभुको अघि नाचौं,
A E B7 E
नाचौं खुशी मनाऔं प्रभुको अघि नाचौं

G C G
६०. येशू ख्रीष्ट नै प्रभु हुन् ,
D G
सब पृथ्वीका प्रभु x २
G C D G
एक मात्र ईश्वर राष्ट्रहरुमाथि,
Em C D
एक मात्र परमेश्वर
G C D G
अरु नाउँमा छैन त्यो मुक्ति,
Em C D G
येशू ख्रीष्टनै सबका प्रभु

G D C D
६१. होसन्ना, होसन्ना, होसन्ना येशू राजालाई x २
C G C G
उहाँको नाउँ उचालौं, र प्रशंसा चढाऔं
C G D Em
हाम्रो प्रभुलाई स्तुति होस्,
Am D G
होसन्ना येशू राजालाई
महिमा . . . , प्रशंसा . . .

D
६२. म परमेश्वरमा पुकार्छु, स्तुतिको योग्य उनी
म मेरा शत्रुबाट बच्नेछु ।
G D
परमेश्वर जिउँछन् धन्यहोस् मेरो चट्टान
G D A7 D
मेरो मुक्तिदाता उच्च गरियोस् x२

E
६३. धन्यहोस् प्रभु येशूको नाउँ
B7
उनी छन् प्रशंसा भक्तिको योग्य
E A
यसैले उचालौं एकसाथ हाम्रा हात
E
गाउँदै धन्यहोस् त्यो नाउँ
B7
धन्यहोस् त्यो नाउँ
A B7 E
धन्यहोस् प्रभु येशूको नाउँ

E B7
६४. योग्य तपाईं योग्य,
A B7 E
सबका राजा सबका प्रभु तपाईं योग्य
E B7
योग्य तपाईं योग्य
A B7 E
सबका राजा सबका प्रभु गर्छु प्रणाम
पवित्र तपाईं पवित्र...
येशू तपाईं येशू...

E A B7 E C#m
६५. तपाई प्रभु सब पृथ्वीमाथि प्रभु हुनुहुन्छ
F#m B7 E
सबै देवहरुभन्दा महान परमेश्वर (२)
E B7 A E
म उचाल्छु, म उचाल्छु, म उचाल्छु तपाईंलाई
स्तुति गर्छौं (३) तपाईंलाई

E A E C#m
६६. योग्य अति योग्य, परमेश्वर तपाईं
F#m B7 E B7
धन्यवाद, प्रशंसा आराधना, भक्तिका योग्य
E A E C#m
योग्य अति योग्य, परमेश्वर तपाईं
F#m B7 E
धन्यवाद, प्रशंसा आराधना, भक्तिका योग्य
A B7 E C#m
गाउँछौं हल्लेलूयाह, थुमा सिंहासनमा
F#m B7 E E7
आराधना भक्ति चढाउँछौं, जनाउँछौं महिमा ।
A B7 E C#m
हल्लेलूयाह, महिमा राजालाई,
F#m B7 E
विजयी भन्दा विजयी, तपाईं सबका परमेश्वर

C Dm
६७. स्वर्गीय पिता हामी प्रेम गर्छौं,
F G C
उच्च पार्छौं तपाईंको नाउँ
Dm
हाम्रो स्तुतिमा स्थापित होस् त्यो राज्य,
F G C
जसै गर्छौं महान् कामका प्रचार ।
C Em F Dm
धन्य होस् प्रभु महान् ईश्वर
F G C
जो थिए छन् र हुन् आउँछन्
C Em F Dm
धन्य होस् प्रभु महान् ईश्वर
F G C
राज गर्छन् जसले सदा ।

C F G C
६८. म उच्च पार्नेछु त्यो नाउँ x२
F G F
म झण्डाझैं उच्च पार्छु आकाशमा
G C
म उच्च पार्नेछु त्यो नाउँ

F A# F C
६९. आराधना गर्न हामी सबै भेला भएका छौं
A# C A# F
आराधना गर्न हामी सबै भेला भएका छौं
F7 A# F A# C
आराधना गर्न हामी सबै भेला भएका छौं आज,
F C F
आराधना गरौं येशूलाई

बिर्सी आफै आफैलाई एकाग्र हौं प्रभु खीष्टमा x२
बिर्सी आफै आफैलाई एकाग्र हौं प्रभु खीष्ट येशूमा
आराधना गरौं येशूलाई

उनी मेरो धार्मिकता, रहन्छु दृढ भै सदा सर्वदा x२
उनी मेरो धार्मिकता, रहन्छु दृढभै सदा सर्वदा उनमा,
आराधना गरौं येशूलाई

पवित्र हात उचाली, गरौं उनको नाउँको बढाई x२
पवित्र हात उचाली, गरौं उनको नाउँको बढाई आज
आराधना गरौं येशूलाई

G C G
७०. आराधना गरौं, उनलाई दण्डवत गरौं,
D G
स्तुतिको गीत गाउँदै, हल्लेलूयाह भन्दै
G CG Em DC G D G
हल्लेलूयाह, हल्लेलूयाह, हल्लेलूयाह आमेन ।

G C
७१. महिमा गरौं आराधना
G Em Am D
येशूलाई होस् सबै महिमा, प्रशंसा आदर
G C
होस् महिमा राज्यको अधिकार
G D G
सिंहासनदेखि बग्छ हामीप्रति गाऔं उनैको गान
D Am D Am G
उच्च पारौं माथि अल्याऔं येशूको नाउँलाई
D Am D Am B7
बढाईं गरौं महिमित पारौं खीष्ट राजालाई
G C
होस् महिमा गरौं आराधना,
G D GCG
(येशू मरे आज महिमित बने राजाहरुका राजा)-२

G D G D Em C G
७२. आराधना गर्छु महान् प्रभु तपाईं झैं छैन अरु
D G D Em
आराधना गर्छु शान्तिका कुमार
C G D C G
यसै गर्न चाहन्छु म स्तुति गर्छु
Em G D
तपाईं मेरो धार्मिकता
G D Em C D G
आराधना गर्छु महान् प्रभु तपाईं झैं छैन अरु

C F G
७३. येशू जीउँदो छन् हाम्रो माझ खडा छन् x२
C F G
र यसैले आराधना गरौं प्रशंसा जय जयकार
C
उनैलाई चढाऔं x२

A Bm C#mGA
७४. येशूले लिन्छन् उच्च आदर
D E C#mF#m
येशूले लिन्छन् प्रशंसा
Bm D A E F#m
पृथ्वी स्वर्ग एकसाथ उच्च पार्छन्
Bm D E
अरु नाउँ भन्दा उच्च त्यो नाउँ,
A Bm C#m GA
घुँडा टेकौं आदर र भक्तिमा
D E C#mF#m
त्यस नाउँमा टेक्नेछ सब घुँडा,
Bm D A EF#m
सब जिब्रोले स्वीकारोस् उनी खीष्ट ईश्वर पुत्र
D E
महाराजा दिन्छौं महिमा,
A C#m F#mGA D
सबै आदर र भक्ति र शक्ति तपाईंकै हुन्
Bm E
तपाईंकै हुन् x२
C#m F#m D E A
प्रभु येशू खीष्ट जीवित ईश्वरका पुत्र ।

G D G
७५. प्रेम गर्छु प्रभु, म स्वर उचाल्छु
C G D D7
आराधना गर्न मेरो आत्मा रमाओस्
G D G
आनन्द लिनोस् जे सुन्नुहुन्छ
C G D G
त्यही मीठो आवाज होस् तपाईंको कानमा

Em
७६. जब प्रभुको आत्मा मेरो हृदयमा छ
D B7 Em
म गाउँछु दाऊद झैं x२
C D G Em D G
म गाउँछु, म गाउँछु म गाउँछु दाऊद झैं
C D G Em D Em
म गाउँछु, म गाउँछु म गाउँछु दाऊद झैं
स्तुति गर्छु... ताली बजाउँछु... म नाच्छु...

G Em C G
७७. येशू हामी उचाल्छौं, राजा घोषणा गर्दछौं
Em Bm C D
तपाईलाई हाम्रो बीचमा, प्रशंसा साथ उचाल्दछौं
G D Em C D
हाम्रो स्तुतिमा राज गर्नुहोस्, हाम्रो स्तुतिमा राज
G Em C D G Em
गर्नुहोस्, हाम्रो स्तुतिमा राज गर्नुहोस्
C D G
आउनुहोस् येशू राज गर्नुहोस्

D
७८. राजकीय पोशाक ल्याई मुकुट स्तुतिको चढाई
G A7 D
प्रभु येशूलाई दिऊँ शक्ति र बल x२
Am G D
राजाहरुका राजा परमप्रभु, युद्धमा वलवान्
Am G D
शान्तिका राजकुमार महान् ईश्वर, राजा सदाका

G D
७९. धन्यवाद चडाऔं हृदयदेखि
Em Bm
धन्यवाद पवित्र परमेश्वरलाई
C G F D
धन्यवाद उहाँले दिनुभो येशू ख्रीष्ट आफ्नो पुत्र x२
G C D7 G
भन निर्बलले म बलियो छु, गरीबले म धनी छु
Em F D
कारण उहाँले जे गर्नुभो हाम्रो लागि x२
G C G
धन्यवाद

G D7 G
८०. विश्वासले प्रतिज्ञा देखी ईश्वरलाई मात्र हेर्छु
D7 G D7
असम्भवलाई नहेरेर भन्छ "गरिनेछ" भन्छ
G D
"निश्चय गरिनेछ" भन्छ "निश्चय गरिनेछ"
G D7 G
असम्भवलाई नहेरेर भन्छ "गरिनेछ"

E A E
८१. सेवा गर्छौं महान् प्रभुको
B7
सेवा गर्छौं महान् प्रभुको
E
दूतगणले उनलाई ढोग्छन्
B7 E
स्वर्ग पृथ्वी पुज्छन् सेवा गर्छौं महान् प्रभुको

E B7
८२. राजाहरुका राजा, प्रभुहरुका प्रभु
E E7 A F# B7 E
नाउँ उनको येशू येशू येशू येशू उनी हुन राजा

Dm C
८३. प्रभुद्वारा बहादुरी गर्नेछौं
Dm
उहाँले हाम्रा शत्रुलाई कुल्चनुभो
C A7 Dm
हामी गाउँछौं र कराउँछौं जय ख्रीष्ट महान् राजा
Dm C Dm
कारण ख्रीष्टले जय पाउनुभो
A# Dm
आफ्नालाई छुडाउनुभो
C Dm F
उँहाकै वचनले शत्रु मरेको
A# Dm C Am Gm F
पृथ्वी उठेर त्यो देख्नेछ

Dm A# C Dm
८४. महिमा मारिएको थुमालाई,
A# C
प्रशंसा प्रभुहरुका प्रभुलाई,
A# C Dm
जयजयकार राजाहरुका राजालाई
A# C Dm
जयजयकार राजाहरूका राजालाई

Dm A# C F
धन्यवाद स्तुति आदर र भक्ति,
A# C Dm
मारिएको थुमालाई अति x२
A# A7 Dm
इज्जत मान बैभव र शक्ति x२
A# C A# C Dm
अति पवित्र पवित्र पवित्र (ईश्वरप्रति) x२

Dm A# C F
होसन्ना आमेन गौरव र गीति,
A# C Dm
मारिएको थुमालाई अति x२
A# A7 Dm
प्रणाम ढोग दण्डवत् दृष्टि x२
A# C A# C Dm
ल्याउँछौं विजयी विजयी विजयी, ईश्वरप्रति x२

D G D
८५. आऔं हामी आराधना गरौं,
G Em A7
सृष्टिकर्ता कै सामु घुँडा टेकौं,
D G D
आऔं हामी दण्डवत् गरौं,
G Em A7
सृष्टिकर्ता कै सामु घुँडा टेकौं,
G Em A7
उहाँ नै हाम्रा परमेश्वर हुन्
G Em A7
र हामी उहाँको खर्कका प्रजा
D A7 D
र उहाँका हातका भेडा हौं
A7 D A7 D
र उहाँका हातका भेडा हौं ।

C F G
८६. तपाईंको रगतले मलाई, धुन्छ र जीवन दिन्छ
F G C G F
तपाईंको रगत मेरो साटो उद्धारको बलिदान भो
Fm C Am
जसले मलाई धुन्छ हिऊँ भन्दा सेतो पारेर
Dm C G C
मेरो येशू प्रभुको उत्तम बलिदान

G D C G
८७. ममा शुद्ध हृदय सृजनोस् प्रभु
D7 G
सत्य आत्मा पूनर जीवित पार्नोस् x २
C D G Em
मलाई तपाईको सामनेबाट ननिकाल्नुहोस्
C D G Em
पवित्र आत्मा मबाट नलैजानोस्
C D G Em
मुक्तिको उमंग मलाई फेरि दिनुहोस्
C D G Em
सत्य आत्मा पूनर जीवित पार्नोस् x २

C F
८८. तिम्रो इच्छा पूरा होइजाओस्,
G7 C
तिम्रो हातमा मेरो जीवन छ,
F C
म माटो हुँ तिमी हौ कुमाले,
G7 C
मलाई बनाऊ मलाई उठाऊ
C F
आफ्नो खुशीमा म हिंडिरहेँ,
G7 C
तिम्रो कुरा मैले सुनिनँ,
F C
तर प्रभु आज म तिम्रो क्रूसलाई
G7 C
उठाउनेछु, उठाउनेछु

A E F#m
८९. मुक्ति छ, हाम्रो प्रभुमा,
Bm A Bm E
जो सिंहासनमा विराजमान छन्
F#m Bm A Bm A
उनै थुमालाई स्तुति, महिमा, ज्ञान, धन्यवाद
G D E
आदर, शक्ति र बल,
A E D A E A
येशूलाई होस् सदा सर्वदा x ३ आमेन ।

उद्धार पाएकाहरु बलिया हुन्छन् एकतामा
घोसणा गर्दै स्तुति, महिमा, ज्ञान, धन्यवाद
आदर, शक्ति र बल...

Dm Am Dm
९०. गाऔं हाल्लेलूयाह प्रभुलाई
F A7
गाऔं हाल्लेलूयाह प्रभुलाई
Dm Am A# F
गाऔं हाल्लेलूयाह, गाऔं हाल्लेलूयाह
Dm Am Dm
गाऔं हाल्लेलूयाह प्रभुलाई

येशू संसारको ज्योति हुन् x २
येशू संसारको x२ येशू संसारको ज्योति हुन्
राज गर्न फेरि आउनेछन् x२
राज गर्न फेरि, x२ राज गर्न फेरि आउनेछन् ।

९१. F A# C F A#C
(क) उत्सव मनाऔं येशूको उत्सव मनाऔं x२
F Am Dm Am Dm
उनी बौरी उठेका छन् राज्य गर्छन् सदा सर्वदा
Am Dm
उनी बौरी उठेका छन्
C
आऊ हामी उत्सव मनाऔं
F
पुनरुत्थान हाम्रो प्रभुको

F
(ख) आऊ हामी उत्सव मनाऔं,
$D^m$
उत्सव मनाऔं प्रेम-दानको लागि
$A^{\#}$ C
ईश्वर पुत्रले प्रेम गरी, जीवन दिए
F $D^m$
स्तुति चढाउँदछौं, कसैले नदिने आनन्द दिनुभो
$A^{\#}$ C F
भेटी लिएर आउँदछौं उत्सवको स्तुतिमा
$A^{\#}$
आऊ हामी (उत्सव मनाऔं) x२
F $D^m$ $A^{\#}$ C
उत्सव मनाउँदै गाऔं, उत्सव मनाउँदै गाऔं
F
राजालाई

C F $D^m$ G C
९२. क्रूसको छेउमा राख्नुहोस्
$D^7$ G
जहाँ मुक्तिको धारा छ
$G^7$ C
जहाँ पापको प्रायश्चित छ
F $G^7$ C
जहाँ पीडाको अन्त छ
C F $D^m$ G C
क्रूसको छेउमा राख्नुहोस्
C F $D^m$ C
को. तपाईंको धन्य मान्नेछु
F $D^m$ G
सदा म धन्य मान्नेछु
C $A^m$ F
तपाईंको आगमनसम्म
$D^m$ G C
सदा म धन्य मान्नेछु x२
क्रूसको छेउमा जब हुनेछु
कृपा प्रभु मलाई गर्नुहोस्
पाप मेरो क्षमा दिई स्वर्गीय राज्य दिनुहोस्
क्रूसको छेउमा जब हुनेछु

G
९३. अब जागृति आएको छ यो देशमा
D
अब जागृति आएको छ यो देशमा
C D C D
पूर्वदेखि पश्चिमसम्म उत्तरदेखि दक्षिणसम्म
C D G
अब जागृति आएको छ x ३ यो देशमा
येशू माथि उचालिनुहुनेछ यो देशमा x २
मेचिदेखि महाकालीसम्म
हिमालयदेखि तराईसम्म
येशूलाई सबैले देख्नेछन्
येशूलाई सबैले चिन्नेछन्
येशू माथि उचालिनुहुनेछ यो देशमा

G D $E^m$
९४. येशू माथि उचालिएको
C D G
देख्न चाहन्छौ यो देशमा
D $E^m$
सबैले यो सत्य जानेको,
C D G
उनी हुन बाटो स्वर्गको
C D G
चाहान्छौं (देख्नलाई) x २ येशू उचालिएको
G D $E^m$
पाइला पाइला टेकी अघि बढ्छौं,
D $E^m$
जग्गा आफ्नो बनाउँदै,
D G
प्रार्थना हो शक्तिशाली हतियार
C D
किल्लाहरु फोर्दै भत्काउने, भत्काउने

A E $F\#^m$ $C\#^m$ $F\#^m$
९५. प्रभु म आउँछु, मेरो हृदय परिवर्तन
E D E $F\#^m$ E A
गर्नोस तपाईंको त्यो अनुग्रहले
E $F\#^m$ $C\#^m$ $F\#^m$
प्रभु जान्दछु मेरा कमजोरीहरु
E D E A
सबै हट्नेछन् त्यो प्रेमको शक्तिले

A E D A E $F\#^m$
अँगाल्नुहोस तपाईंको प्रेमले घेर्नोस
E A $B^m$ $C\#^m$ E
नजीक ल्याएर आफ्नो छेउमा राख्नुहोस्
A E D A
पर्खन्छु म चील झैं माथि उड्न
E $F\#^m$ E D
मलाई उडाउनुहोस्, तपाईको आत्माले
E A
त्यो प्रेमको शक्तिमा

प्रभु खोल्नोस आँखा देख्न सकूँ प्रेमको ज्ञान
जसै तपाई मभित्र बास गर्नुहुन्छ
नयाँ गर्नोस् हृदय आफ्नो योजना अनुसार
हरेक दिन जिउँदा त्यो प्रेमको शक्तिमा

C
९६. वतास चलिरहेछ यस देशबाट भएर
स्वर्गीय सुगन्ध फेरी चलिरहेछ
F
थाहा छैन कहाँबाट आउँछ
C
थाहा छैन कहाँ जान्छ, तर हामीमा बहन्छ
G F
हो... हो... हो... त्यो वतास
C
हामी माथि वगोस

वृष्टि भइरहेछ, वर्षा माथिबाट
प्रेम र दयाका वुन्दहरु वर्सिरहेछ
स्वर्ग तिर आँखा उठाऊ, त्यो वर्षा भएको हेर्न
जसले हामीलाई भिजाउँछ
हो... हो... हो... त्यो वृष्टि, हामी माथि वर्षोस्

आगो बलिरहेछ, जो आकाशबाट झर्छ
आगोका जिब्राहरु जस्ले हामीलाई जलाउँछ
के तिमी थाहा गर्न सक्छौं
त्यो आगो वलिरहेछ, हामीलाई शुद्ध गर्न
हो... हो... हो... त्यो आगो हामी माथि बर्सोस्

$E^m$ C D
९७. जागौं शक्तिशाली जाति, खडा हों यो धर्तिमा
$E^m$ C D
लिऔं तरवार आत्माको, भत्काउ योजना शत्रुको
C $E^m$ C
जब उहाँ विउँतनुभो x २, येशू विउँतनुभो
D $E^m$
हराउनु भो x २, शत्रुहरुलाई
D $E^m$
हराउनु भो शत्रुहरुलाई

$A^m$/F/$D^m$ $A^m$
९८. नडराऊ, म तिमी सँग छु x ३ भन्छन् प्रभु
C F C
उद्धार गरी तिमीलाई बोलाएको छु, तिमी मेरा हौ
C F C
पानीबाट भएर जादाँ म त्यहाँ हुनेछु, आगोमा पनि
$A^m$ C $A^m$ C
तिमी कहिल्यै डुब्ने छैनौ तिमी कहिल्यै जल्ने छैनौ
F G $A^m$
कारण म तिमी सँग छु .......

A F#$^m$ D E
९९. साहसी हौ, बलियो हौ, परमप्रभु तिमीसँग छन्-२
D E A
म डराउने छैन, छैन छैन छैन
D E A
निरास हुने छैन, छैन छैन
D E A
म हिँड्दैछु विश्वास र जयमा
D E A
आऊ हिँडौं विश्वास र जयमा
D E A
परमप्रभु तिमीसँग छन्

G $E^m$
१००. मेरो जीवन तपाईंमा छ, मेरो बल तपाईंमा छ
C G D
मेरो आशा तपाईंमा छ, तपाईंमा, तपाईंमा
C D G $E^m$
स्तुति गर्छु सारा जीवनले,
C D G
स्तुति गर्छु मेरो सारा बलले
D G E $A^m$
सारा जीवनले मेरो सारा बलले
D G
मेरो सबै आशा छ तपाईंमा

C G F C
१०१. तपाईं मेरो बल प्रभु, तपाईं मेरो सहायता
F $D^m$ G C G
तपाईं जसलाई म पुकार्छु तपाईं मेरो ढाल प्रभु,
F C F $D^m$ G C
मेरो जीवन अर्पन्छु, कारण तपाई सर्वेसर्वा मेरो

GDC GDG D C G D G
१०२. येशू येशू x२, पवित्र र अभिषिक्त येशू
C G
तपाईंको नाउँ मह झैं मेरो जिब्रोलाई
C G
तपाईंको आत्मा पानी झैं मेरो आत्मालाई
C $E^m$
तपाईंको वचन दियो झैं मेरो पाउलाई
$A^m$ D
येशू प्रेम गर्छु, प्रेम गर्छु
येशू येशू x२ बौरिएर उचालिएका येशू

Em C D Em
१०३.सारा आदर, सारा महिमा, सारा शक्ति तपाईलाई
D Em
पवित्र पिता आराधना गर्छौं
D G
अनमोल येशू हाम्रो उद्धारक
C D
पवित्र आत्मा बाटो हेर्छौं x २,
Em C D
जागृतिको लागि x ३

A D E A E
१०४.उनी हुन्छन् सदा थुमा सिंहासनमा
F#m Bm E A
खुशीसाथ घुँडा टेकी, म गर्छु आराधना

A D
१०५.ईश्वर थुमा पवित्र, येशू ख्रीष्ट ईश्वर पुत्र
A D Ddim
उचालिए राजी भई मर्नलाई
A D A
म जस्तो दोषीले जानूँ रगत बग्यो,
E A E A E
अझ बग्दैछ, शुद्ध पार्दै, निको पार्दै

A E D A E F#m
म उच्च पार्छु, येशू मेरो बलिदान
Bm D E A
उच्च पार्छु मुक्तिदाता मेरो प्रभु
A E D A E F#m
म उच्च पार्छु परमेश्वरका थुमा
Bm D E A
दण्डवत गर्छु तपाईंलाई सिंहासन अघि

D G D
१०६. म बनाउँदैछु शक्तिशाली जाति
A7 D
जसले गर्नेछ मेरो स्तुति
G D
मेरो आत्मा बहनेछ यो देशमा
A7 G D
र हुनेछ मेरो नाउँको महिमा

G D
बनाउनोस् प्रभु आफ्नो मण्डली
A7 D D7
हामीहरुलाई बलियो बनाई
G D
एउटै बनाउनोस् आफ्नो शरीरमा
A7 D
आफ्नो पुत्रको राज्यमा

A D A
१०७.पवित्र आत्मा हामी स्वागत गर्छौं x २
D E C#m F#m
आउनोस हाम्रो माझमा पवित्र आगोझैं
D E A A7
संसारिक इच्छा हामी पन्छाउछौं जसै
D E C#m F#m
हृदय भरी आशा लिई, हात उचाल्दै
D A D
पवित्र आत्मा, पवित्र आत्मा, पवित्र आत्मा
E A
स्वागत गर्छौं ।

पवित्र आत्मा हामी स्वागत गर्छौं x २
तपाईंको उपस्थिति बगोस बतासझैं
तपाईंका आफ्नैहरुले जानून् निश्चय नै
कसरी चल्नु आत्माको बहाउमै
पवित्र आत्मा x ३ हामी स्वागत गर्छौं ।

